# महालेखापरीक्षकको कार्यालय
## Office of the Auditor General
उद्योग वाणिज्य तथा आपूर्ति र श्रम लेखापरीक्षण निर्देशनालय
डोर मुकाम, सिमकोट, हुम्ला
(अ.छा.बे.)

Phone: 4262381
4262415
4262417
Fax: 977-1-4268309
977-1-4262798
Post Box: 13328
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal,
Kathmandu NEPAL


प.सं. २०७८/७९
च.नं. ५७

मितिः २०७८।२।९

विषयः **लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन ।**

श्री सिमकोट गाउँपालीकाको कार्यालय,
सिमकोट, हुम्ला ।

लेखापरीक्षण ऐन, २०७५ अनुसार त्यस कार्यालयको आर्थिक वर्ष २०७६।७७ को विनियोजन/राजस्व/धरौटी अन्य कारोबारको आर्थिक विवरण तथा सोसँग सम्बन्धित कागजपत्र र विवरण परीक्षण गरी मिति २०७८।२।९ मा छलफल पश्चात् तयार गरिएको पाना २७ (सताइस) को प्रारम्भिक प्रतिवेदन यसैसाथ छ ।

कार्यालयबाट पेस भएको आर्थिक विवरणप्रतिको उत्तरदायित्व प्रचलित कानुन बमोजिम जिम्मेवार व्यक्तिको हो । लेखापरीक्षकको उत्तरदायित्व नेपाल सरकारी लेखापरीक्षणमान बमोजिम आर्थिक विवरण परीक्षण गरी प्रतिवेदन गर्नु हो । प्रतिवेदनमा उल्लिखित व्यहोराका सम्बन्धमा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३७(१) बमोजिम ३५ दिनभित्र फछ्र्यौट गरी सम्परीक्षण गराउनु हुनेछ । उक्त समयभित्र फछ्र्यौट गरी सम्परीक्षण नगराएमा ऐनको दफा ३७(४) बमोजिम कारबाहीका लागि लेखाउत्तरदायी अधिकृतलाई जानकारी गराइने व्यहोरा निर्देशानुसार अनुरोध गर्दछु ।

.................................
जितेन्द्र श्रेष्ठ
(लेखापरीक्षण अधिकारी)

बोधार्थः
श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरबार, काठमाण्डौंः- प्रतिवेदन संलग्न छ ।
श्री कोष तथा लेखा नियन्त्रक कार्यालय,
सिमकोट, हुम्लाः- प्रतिवेदन संलग्न छ ।

Scanned with CamScanner

# लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन

कार्यालय र स्थान: सिमकोट गाँऊपालिक, सिमकोट, हुम्ला ।

आर्थिक वर्ष: २०७६।७७

| पद र नाम | | कार्यरत अवधि | | बेरुजू रकम |
|---|---|---|---|---|
| | | देखि | सम्म | |
| कार्यालय प्रमुख: | श्री अर्जुन दर्जी | २०७६/४/१ | २०७७/१/२७ | १७५५०३७८.७३ |
| | श्री उजिर रोकाया | २०७७/१/२८ | २०७७/३/३२ | |
| लेखा प्रमुख: | श्री रामकृष्ण बुढा | २०७६/४/१ | २०७६/७.३० | |
| | श्री हरिकृष्ण महतारा | २०७६/८/१ | २०७६/११/११ | |
| | श्री नविन कुमार वि.क. | २०७६/११/१२ | २०७७/१/२७ | |
| | श्री हिमाल रोकाया | २०७७/१/२८ | २०७७/३/३२ | |

आर्थिक कारोबारको स्थिति (एकीकृत आय व्यय)

| सिन | आयतर्फ | | | सि.न. | व्यय तर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | रकम | रकम | | विवरण | रकम | रकम |
| १ | गत वर्षको जिम्मेवारी | | १२७७९५३१.६२ | १ | चालु खर्च | १८२४८००७२.५५ | ३३७९१६९७५.५५ |
| | क) नगद | | | २ | पुजीगत खर्च | १५५४३६९०३.०० | |
| | ख) बैंडक | ११४९७५३०.६२ | | ३ | अन्य विषयगत निकाय बाट प्राप्त | | |
| | ग) धरौटी | १२८२००१.०० | | | | | १२४१५२४२२.४६ |
| २ | राजश्व(आन्तरिक आय) | | ४६६९४८९२.४१ | | बहुक्षेत्रिय पोषण कार्यक्रम | ५६७००४.०० | |
| | क)आन्तरिक राजश्व | १५१६७०४.०० | | | गरिवसंग विशेश्वर कार्यक्रम | ४९५०००.०० | |
| | ख)राजश्व वाडफाड | ४५१७८१८८.४१ | | | स्थानिय पुर्वधार विकास साझेदारि कार्यक्रम | ५४८८३६१.०० | |
| | ग)अन्य आय | | | | प्रदेश संसद विकास कोष | २०८९७०४०.०० | |
| ३ | वितिय हस्तानतरण संघ | | २५६०६०९९०.०० | | सामाजिक सुरक्षाकार्यक्रम | ५५७०३०००.०० | |
| | क) समानिकरण अनुदान | ९२८००००० .०० | | | राष्ट्रिय परिचयपत्रतथा पञ्जिकरण विभाग | १२८५५९९.०० | |
| | ख)शसर्त अनुदान | १६३२६०९९०.०० | | | प्रदेश सरकार सामाजिक विकास मन्त्रालय | २६६३८५२३.४६ | |

कार्यालयको नाम: सिमकोट गाऊँपालिका, सिमकोट, हुम्ला ।

आर्थिक वर्ष २०७६।७७

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | ग)समपुरक अनुदान | ०.०० | | | प्रदेश मुख्यमन्त्रितथा मन्त्रिपरिषदको कार्यालय | ४४००८९५.०० | |
| | घ)विशेष अनुदान | ०.०० | | | प्रदेश सरकार | १७७७०००.०० | |
| ४ | प्रदेश सरकार बाट | | २३९४५२८६.०० | | समाज कल्याण जेष्ठनागरिक कार्यक्रम | ५०००००.०० | |
| | क) समानिकरण अनुदान | ९४१९२२३.०० | | | मुख्यमन्त्रि रोजगारकार्यक्रम | ६४०००००.०० | |
| | ख)शसर्त अनुदान | ६४१६४२०.०० | | ४ | वितिय व्यवस्थाभुक्तानी | | ०.०० |
| | ग)समपुरक अनुदान | ३४९५६५०.०० | | | क)ऋण भुक्तानी | ०.०० | |
| | घ)विशेष अनुदान | ४६१३९९३.०० | | | ख)व्याज भुक्तानी | ०.०० | |
| ५ | अन्तर स्थानिय तहबाटप्राप्त | ०.०० | | | ख) अन्य भुक्तानी | ०.०० | |
| ६ | अन्य विषयगत निकाय बाटप्राप्त | | १२४१५२४२२.४६ | ५ | लगानी | | ०.०० |
| | बहुक्षेत्रिय पोषणकार्यक्रम | ५६७००४.०० | | | क)ऋण लगानी | ०.०० | |
| | गरिवसंग विशेश्वरकार्यक्रम | ४९५०००.०० | | | ख)शेयर लगानी | ०.०० | |
| | स्थानिय पुर्वधारविकास साझेदारि कार्य्रकम | ५४८८३६१.०० | | | ख) अन्य लगानी | ०.०० | |
| | प्रदेश संसद विकास कोष | २०८९७०४०.०० | | ६ | धरौटी फिर्ता | ६४०९००१.०० | ६४०९००१.०० |
| | सामाजिक सुरक्षाकार्यक्रम | ५५७०३०००.०० | | ७ | जनश्रमदान फिर्ता | ०.०० | |
| | राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभाग | १२८५५९९.०० | | ८ | कोष फिर्ता | ०.०० | |
| | प्रदेश सरकार सामाजिकविकास मन्त्रालय | २६६३८५२३.४६ | | ९ | मौज्दात | | |
| | प्रदेश मुख्यमन्त्रि तथा मन्त्रिपरिषदको कार्यालय | ४४००८९५.०० | | | क)बैंक मौज्दात | | |
| | प्रदेश सरकार | १७७७०००.०० | | | ख)नगद मौज्दात | २८१७२३.४८ | २८१७२३.४८ |
| | समाज कल्याण जेष्ठनागरिक कार्यक्रम | ५०००००.०० | | १० | शसर्त अनुदान फिर्ता | ०.०० | ०.०० |
| | मुख्यमन्त्रि रोजगारकार्यक्रम | ६४०००००.०० | | ११ | गत वर्षको बढी अल्या | ०.०० | ०.०० |
| ७ | विभिन्न कोष तर्फको आय | | | १२ | जनश्रमदान मौज्दात | ०.०० | ०.०० |
| ८ | जनसहभागिता नगद | | | १३ | धरौटी मौज्दात | ८४३५९०.४९ | ८४३५९०.४९ |
| ९ | विषयगत निकायबाटप्राप्त | | | १४ | कोष खाताको मौज्दात | ०.०० | ०.०० |



Scanned with CamScanner

कार्यालयको नामः सिमकोट गाऊँपालिका, सिमकोट, हुम्ला ।

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १० | धरौटी आय | ५९७०५९०.४९ | ५९७०५९०.४९ | | | | |
| ११ | लगानिको सावाँ फिर्ता | | | | | | |
| १२ | अन्य विविध आय | | | | | | |
| | जम्मा | ४६९६०३७१२.९८ | ४६९६०३७१२.९८ | | जम्मा | ४६९६०३७१२.९८ | ४६९६०३७१२.९८ |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम रु. | फछ्र्योटको विवरण |
|---|---|---|---|
| | **परिचयः** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायीक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको संचालन गर्नेगरी गाँऊपालिकको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने हरेक कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरिय सेवा प्रदान गर्नु हो । यस गाँऊपालिक अर्न्तगत ८ वडा रहेको ४४ सभा सदस्य ८८ वर्ग कि.मी. क्षेत्रफल, करिब ६० हजार जनसंख्या कर्णालीप्रदेशमा अवस्थित छ ।<br>उल्लेखित कारोबारको लेखापरीक्षण समष्टिगत लेखापरीक्षण योजना, इकाइगत लेखापरीक्षण योजना, व्यवस्थापन प्रतिनिधित्वपत्र एवं अनुबन्धनपत्र, आन्तरिक लेखापरीक्षण प्रतिवेदन र अन्य विवरण समेतलाई आधार मानी सम्पन्न गरिएको छ । लेखापरीक्षण टोलीमा रहेको सीमित साधन र स्रोत, सूचनाको पहुँचमा हुने सीमितता, कम समयमा धेरै कार्यक्षेत्रको लेखापरीक्षण गर्नुपर्ने विद्यमान अवस्था, प्राविधिक ज्ञानको सीमितता, कारोबारको जटिलता जस्ता कारण सम्पूर्ण आर्थिक कारोबारको कानूनी वैधता परीक्षणमा कठिनाई जस्ता सीमाहरु लेखापरीक्षणमा रहेका छन् । भौगोलिक विकटता, सिमित समय र कोभिड-१९ महामारीको कारण स्थलगत निरिक्षण गर्न सकिएन । लेखापरीक्षण ऐन, २०७५ र लेखापरीक्षणका अन्तर्राष्ट्रिय मानदण्ड तथा मार्गदर्शनमा समेत नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले निर्क्यौल गरेको जोखिममा आधारित स्वीकृत लेखापरीक्षण योजना भित्र रही लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । सारभूत रुपमा उल्लेखनीय नदेखिएका व्यहोराहरुलाइं प्रतिवेदनमा समावेश गरिएको छैन । लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्षण निष्कर्ष सहितको प्रतिवेदन जारी गर्नु हो भने आर्थिक कारोवार र वित्तीय विवरणको सम्पूर्ण जिम्मेवारी व्यवस्थापन पक्षमा रहेको छ । लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर व्यवस्थापन पक्षसँग मिति २०७८।२।९ मा छलफल सम्पन्न भएको छ । छलफल पछि कायम भएका व्यहोरा निम्नानुसार छन् । | | |
| | **लेखापरीक्षणको क्रममा असुली:** लेखापरीक्षणको क्रममा सामाजिक सुरक्षा भत्ता दोहोरो भुक्तानी भएको निम्नानुसारको रु. **५७०९४०.००** असुली भई सम्बन्धित खाता दाखिला भएको छ । | | |



Scanned with CamScanner

कार्यालयको नाम: सिमकोट गाउँपालिका, सिमकोट, हुम्ला ।

| | बैङ्क भौ.नं./मिति | बापत | रकम | | |
|---|---|---|---|---|---|
| | ०८२४८५९४/ २०७८/२/९ | सामाजिक सुरक्षा दोहोरो निकासा | ३४०००.०० | | |
| | ०८२४८५९७/ २०७८/२/९ | सामाजिक सुरक्षा दोहोरो निकासा | ३७६००.०० | | |
| | ०८२४८५९८/ २०७८/२/९ | सामाजिक सुरक्षा दोहोरो निकासा | १६००.०० | | |
| | ०८२४८५८८/ २०७८/२/९ | सामाजिक सुरक्षा दोहोरो निकासा | ५६६००.०० | | |
| | ०८२४८५८९/ २०७८/२/९ | सामाजिक सुरक्षा दोहोरो निकासा | ३५२००.०० | | |
| | ०८२४८५९३/ २०७८/२/९ | सामाजिक सुरक्षा दोहोरो निकासा | २१०७०.०० | | |
| | ०८२४८५९२/ २०७८/२/९ | सामाजिक सुरक्षा दोहोरो निकासा | ३२४७०.०० | | |
| | ०८२४८५९६/ २०७८/२/९ | सामाजिक सुरक्षा दोहोरो निकासा | १६३४००.०० | | |
| | | जम्मा | ५७०९४०.०० | | |
| १. | **वित्तीय विवरण:** नेपाल सार्वजनिक क्षेत्र लेखामान अनुसार हुने गरी महालेखापरीक्षकबाट २०७५।८।१० स्थानीय तहको प्रतिवेदन फारामहरु स्वीकृत भएको छ । यो वर्षको वित्तीय विवरण सोही ढाँचामा तयार गरी लेखापरीक्षणमा पेश गर्नुपर्नेमा उक्त ढाँचमा वित्तीय विवरण तयार नगरेको कारण लेखा नीति र टिप्पणी एवं अन्य वित्तीय खुलासाको बारेमा जानकारी हुन सकेन । यसैगरी बैंक हिसाब मिलान विवरण तयार नगरेको, बजेट सिट नराखेको एवं दैनिक अभिलेख किताब म.ले.प.फा.नं १०८ नराखेको एवं आम्दानी असुली एवं दाखिला म.ल.प.फा.नं २३ नराखेको लगायतको कारण प्राप्त एकीकृत आय व्यय विवरणमा उल्लेख भएका आय व्यय रकम भिडान गर्ने प्रमाणित अभिलेख एवं खाता नरहेको कारण एकीकृत आय व्यय विवरणको यथार्थतामा आश्वस्तता हुनसक्ने अवस्था देखिएन । | | | | |
| २. | **सञ्चित कोष:** स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(५) मा गाउँपालिकाले स्थानीय सञ्चित कोषमा भएको आय व्ययको चौमासिक शिर्षकगत विवरण तयार गरी सम्बन्धित निकायमा पठाउनु पर्ने व्यवस्था छ । पालिकामा स्थापना भएको स्थानीय सञ्चित कोषमा जम्मा भएको एवं उक्त कोषबाट खर्च खातामा रकम ट्रान्सफर भएको कारोबारको गोश्वरा भौचर उठाई बैंक नगदी किताबमा अभिलेखांकन गरी बर्ष सोको बेग्लै आय व्यय बिवरण तयार गर्नुपर्नेमा सो बमोजिमको कुनै लेखा स्रेस्ता नराखेको कारण पालिकाको सञ्चित कोषमा जम्मा भएको एवं सो कोषबाट ट्रान्सफर भएको रकम सम्बन्धमा लेखापरीक्षणले कुनै सुनिश्चिता गर्न सक्ने अवस्था रहेको छैन । फलस्वरुप पालिकाको सञ्चित कोष कारोबार सम्बन्धमा लेखापरीक्षणले कुनै राय प्रदान गर्न एवं टिप्पणी गर्न व्यक्त गर्न सकेको छैन । सञ्चित कोषको स्पष्ट हिसाब राखी चौमासिक रुपमा आय व्यय विवरण तयार गरी सम्बन्धित निकायमा समेत पठाउनु पर्दछ । | | | | |
| ३. | **बैंक हिसाब मिलान:** पालिकाले लेखा स्रेस्ताबमोजिम बाँकी रकम र बैंक खातामा बाँकी रकमको सम्बन्धमा मासिक र बार्षिक रुपमा बैंक हिसाब मिलान विवरण तयार गर्नुपर्नेमा यस्तो हिसाब तयार गर्ने गरेको छैन । बैंक हिसाब मिलान विवरणको अभावमा पालिकको खाता र बैंक खाता बमोजिमको हिसाब भिडे नभिडेको सम्वन्धमा जानकारी हुन सक्ने अवस्था देखिएन । | | | | |

| | | | |
|---|---|---|---|
| ४. | **खर्च गर्ने अख्तियारी र कार्यविधि:** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३ वमोजिम सभावाट वजेट स्वीकृत भएको सात दिन भित्र प्रमुख वा अध्यक्षले प्रमुख प्रशासकिय अधिकृतलाई वजेट खर्च गर्ने अख्तियारी प्रदान गर्ने व्यवस्था छ। ऐनमा भएको व्यवस्था बमोजिम खर्चको अख्तियारी दिने गरेको पाइएन। कानूनी व्यवस्थाअनुसार अख्तियारी दिने व्यवस्था गर्नुपर्दछ। | | |
| ५. | **वजेट पेश/पारित गर्ने:** स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७१ वमोजिम स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालीकावाट स्वीकृत गराई आषाढ १० गते भित्र सभामा पेश गर्नुपर्ने व्यवस्था छ। आय व्ययको अनुमान साथ गत वर्षको वास्तविक आय व्यय, चालु आर्थिक वर्षको अन्तिम सम्ममा हुने आय व्ययको संशोधित अनुमान तथा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय व्ययको अनुमानित विवरण सभामा पेश गरि १५ दिन भित्र छलफल सम्पन्न गरी आषाढ भित्रनै पारित गर्नुपर्ने व्यवस्था छ ।गाँऊपालिकको २०७६।७७ को बजेट २०७६ असार १० गते पेश भई सोही दिन पारित भएको देखिन्छ। | | |
| ५.१. | स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ (परिमार्जित) को ५.७.२ (ङ) मा सभाले स्वीकृत गरेको वार्षिक बजेट तथा कार्यक्रम श्रावण १५ गते भित्र सर्वसाधारणको जानकारीको लागि प्रकाशित गर्नुपर्ने र गाँउपालिकाको वेबसाइटमा समेत राख्नुपर्ने व्यवस्था छ। सभाले स्वीकृत गरेको बजेट तथा कार्यक्रम प्रकाशन नभएको र वेवसाइटमा समेत राखेको देखिएन। सर्वसाधारणको जानकारीको लागि स्वकृित बजेट प्रकाशन गर्नुका साथै वेवसाइटमा राख्नुपर्दछ। | | |
| ६. | **आन्तरिक नियन्त्रण प्रणाली:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र दक्षतापुर्ण ढंगावाट सम्पादन गर्न र वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय वनाउन तथा प्रचलित कानून वमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृती अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था रहेकोमा यस्तो नियन्त्रण प्रणाली तयार गरेको पाइएन। नियन्त्रण प्रणालीको अभावमा आर्थिक कारोबार सम्पादन र वित्तीय प्रतिवेदनलाई विश्वसनीय वनाउने कार्यमा बाधा परेको देखिन्छ। पालिकाको आन्तरिक नियन्त्रणमा रहेका कमी कमजोरी निम्नानुसार रहेका छन्:<br>• कार्य जिम्मेवारी र जवाफदेहिता स्पष्ट नगरेको,<br>• परियोजना र क्रियाकलापहरूको प्राथमिकता निर्धारण नगरेको,<br>• अंन्तिम चौमासिक र आषाढ महिनामा तोकिएको सीमाभन्दा बढी खर्च गरेको<br>• योजना कार्यान्वयन तालिका निर्माण गरेको पाइएन,<br>• निर्धारित समयमा निर्माण सम्पन्न हुन नसकेको,<br>• अनुगमन प्रतिवेदन कार्यान्वयन गरेको पाइएन,<br>• करको दायरा पहिचान भएको देखिएन,<br>• प्रशासनिक खर्चको सीमा निर्धारण गरेको छैन, | | |

| | | | |
|---|---|---|---|
| | • राजस्व सम्वन्धी कानून निर्माण गरेको छैन,<br>• रसिद नियन्त्रण खातालाई व्यवस्थिति गरेको छैन,<br>• अभिलेख कायम गरिएका सबै सम्पत्तिको हकमा सङ्केतीकरण गरेको छैन,<br>• प्रयोग गर्न नसकिने र सेवा दिन नसक्ने सम्पत्तिको छैन<br>• बार्षिक खरिद योजना बनाएकोमा कार्यान्वयन भएको पाइएन,<br>• लागत अनुमान तयार गर्दा निर्माण गर्न लाग्ने अबधि नखुलाएको,<br>• भुक्तानी भएको बिल भरपाईमा भुक्तानी भएको छाप लगाएको पाइएन,<br>• भ्रमाण अभिलेख खाता नराखेको एवं प्रमण प्रतिवेदन लिने नगरको<br>• इन्धन खर्चको लगबुक राख्ने गरको देखिएन,<br>• आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएकामा व्यहोराहरुमा सुधार गरेको पाइएन । | | |
| | उल्लेखित व्यहोराहरुमा सुधार गरी आन्तरिक नियन्त्रण प्रणालीलाई मजबुत बनाउनु पर्दछ । | | |
| ७. | **वजेट तथा कार्यक्रम तर्जुमा:** स्थानीय तह संचालन ऐन, २०७४ को दफा ६७ मा ४ सदस्यीय वजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरि आगामी वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषयक्षेत्रगत कार्यक्रम र कार्यक्रममा दोहोरोपना हुन नदिन कार्यक्रमको आपसि तादम्यता तथा परिपुरकता मिलाउने व्यवस्था छ । यस गाँऊपालिकले यो बर्ष करिब १६० कार्यक्रम स्वीकृत गरी सञ्चालन गरेकोमा कार्यक्रमको प्राथमिकीकरण गरेको देखिएन । गाँऊपालिकको विकासको लागि कार्यक्रमको प्राथमिकीकरण नगरेको कारण उपलव्ध सिमित स्रोत साधन ससाना कार्यक्रममा खर्च भई नतिजा देखिने गरी उपलव्धि हासिल हुन नसक्ने भएकोले योजना एवं कार्यक्रमको प्राथमिकीकरण गरी उच्च प्राथमिकतामा परेको कार्यक्रम सञ्चालन गर्नु पर्दछ । | | |
| ८. | **लक्ष्य प्रगति:** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २४ मा चौमासिक प्रगती विवरण पेश गर्ने व्यवस्था छ । गाँऊपालिकले यो बर्ष करिब १६० साना ठूला कार्यक्रम सञ्चालन गरेकोमा यसरी सञ्चालित कार्यक्रमको नियममा उल्लेख भएअनुसार अनुसूची-२ को ढाँचामा प्रगती विवरण तयार गरेको देखिएन ।अभिलेखको अभावमा लेखापरीक्षणको सिलसिलमा स्वीकृत कार्यक्रम मध्ये सञ्चालन नभएको वा सम्झौता भई कार्य नभएको कारण सून्य प्रगति भएको, आंशिक रुपमा २५, ५० र ७५ प्रतिशत सम्म प्रगति भएका कार्यक्रमको बिबरण माग गरेकोमा उपलव्ध हुन सकेन । प्रगति प्रतिवेदनको अभावमा स्वीकृत कार्यक्रमको समग्र प्रगति स्थिति मूल्यांकन गर्न सकिएन । सञ्चालित कार्यक्रमको तोकिएको ढाँचा प्रगति प्रतिवेदन तयार गरी बार्षिक समिक्षा गर्ने व्यबस्था मिलाउनु पर्दछ । | | |
| ८.१. | सर्शत र समानीकरण अनुदान अन्तर्गत कृषि, पशु, शिक्षा, स्वास्थ्य लगायतका कार्यक्रम सञ्चालन गर्न बजेट र कार्यक्रम प्राप्त भएकोमा उक्त कार्यक्रम कार्यान्वयनबाट प्राप्त उपलव्धिको बार्षिक प्रगति बिबरण तयार नगरेको कारण लक्ष्यबमोजिम कार्य भए नभएको बिश्लेषण गर्न | | |



Scanned with CamScanner

| | | | |
|---|---|---|---|
| | सकिएन । तसर्थ ती कार्यक्रमको प्रगति बिबरण पेश गर्नुपर्दछ । | | |
| ९. | **स्थानीय तथ्यांक र अभिलेख:** स्थानीय तह संचालन ऐन, २०७४ को दफा ११ बमोजिम गाँऊपालिकाले आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । यस गाँऊपालिकले स्थानीय तथ्यांक सम्वन्धी नीति, कानून र सोको मापदण्ड बनाएको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप संचालनमा तथ्यांकले महत्वपुर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा भुमिका अगाडि वढाउन आवश्यक छ । तथ्यांक वेगर प्राथमिकतामा राखिएका योजना, वजेट, प्रक्रिया र कार्यावन्यनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ गाँऊपालिकले थप पहल गर्न जरुरी छ । | | |
| १०. | **आन्तरिक लेखापरीक्षण:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ मा स्थानिय तहले कानुन बमोजिम आफ्नो आयर व्ययको आन्तरिक लेखापरीक्षण गराउनुपर्ने र आन्तरिक लेखापरीक्षणले औल्याएको कैफियत सम्बन्धित अधिकारीले अन्तिम लेखापरीक्षण हुनु भन्दा अगाडी फछ्र्योट गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उक्त व्यवस्था बमोजिम आफ्नो आय र व्ययको आन्तरिक लेखापरीक्षण गराएको छैन । आन्तरिक लेखापरीक्षक नियुक्ता नभएकोले आन्तरिक लेखापरीक्षण हुन नसकेको कार्यालयको भनाई रहेको छ । यसबाट कार्यालयको आन्तरिक नियन्त्रण प्रणालीमा असर पर्दछ । आन्तरिक लेखापरीक्षकको दरबन्दी पूर्ति गरी तोकिए बमोजिम आन्तरिक लेखापरीक्षण गर्नुपर्दछ । | | |
| ११. | **कोभिड व्यवस्थापन :** गाउँपालीकाले कोभिड व्यवस्थापनको लागी आर्थिक बर्ष २०७७ असार मसान्त सम्म गाउँपालीका आफ्नै स्रोत बाट रु. १,०६,००,९८८।०० , प्रदेश कोभिड व्यवस्थापन कोषबाट रु. १५,००,०००।०० र संघिय संसद विकास कोषबाट रु. १०,००,०००।०० गरी जम्मा रु. १,३१,००,९८८ जुटाएको थियो । उक्त रकम मध्ये क्वारेन्टिन तथा होल्डिङ्ग सेन्टर निर्माण तथा व्यवस्थापनको लागी रु. ७६,७१,२३९।००, आइशोलेशन केन्द्र निर्माण व्यवस्थापनको लागी रु. ५,००,०००।००, जनशक्ति परिचालनको लागी रु. ३,४९,५६०।०० औषधी एवंम स्वास्थ्य उपकरण तथा सामाग्री खरिदको लागी रु. १५,००,०००।०० र अन्य शिर्षकमा रु. २१४४१८९।०० खर्च रु. ४६८,०००।०० बाँकी रहेको छ । असार मसान्त पछि कोभिड व्यवस्थापनको लागी बजेट व्यवस्थापन भएको छैन । कोभिड महामारीको दोस्रो लहर देशभरी फैलिरहेकोले उपलब्ध स्रोत तथा साधनको अधिकतम सदुपयोग गरी महामारी रोक्ने तर्फ विशेष ध्यान दिनुपर्ने देखिन्छ । बाँकी मौज्दात फरक परेको रकम हिसाव मिलान गर्नुपर्ने रु... | | |
| १२. | **दरबन्दी तथा पदपूर्ति स्थिति:** सेवा प्रवाहलाई प्रभावकारी बनाउन स्वीकृत दरवन्दी अनुरुप पदपूर्ति हुनुपर्दछ । कार्यालयको दैनिक कार्य सञ्चालन तथा त्यसको उद्देश्य प्राप्तीका लागि ४३ दरबन्दी स्विकृत भएकोमा ९ पदमा मात्र पदपूर्ती भई प्रमुख प्रशासकिय अधिकृत, इन्जिनियर, लेखा अधिकृत जस्ता मुख्य पदहरु लगायत ३४ दरबन्दि रिक्त रहेको पाइयो । कार्यालयले इन्जिनियर, वडा सचिव लागायतको दरबन्दीमा करारको कर्मचारीहरुद्धारा कार्य सञ्चालन गर्दै आएको छ । स्वीकृत दरबन्दी अनुसार पूर्ति नहुँदा कार्यालयको कार्यक्रम संचालन तथा सेवा प्रवाहमा असर पर्ने भएकाले आवश्यकता अनुसार रिक्त दरबन्दीका पदहरु पूर्ति गर्नु पर्दछ । | | |
| १३. | **स्रोत नक्सांकन:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४को दफा ११ बमोजिम प्रत्येक गाँऊपालिकले आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अबस्था, प्राकृतिक श्रोत अर्न्तगत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अर्न्तगत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्सांकन वा गाँऊपालिकको प्रोफाईल तयार गर्नुपर्ने व्यवस्था छ । गाँऊपालिकले आफ्नो प्रोफाईल तयार गरेको छैन भने ८ वडा मध्ये सात वडाले गाउँ प्रोफाईल बनाएको छैन । गाउँपालीकाले आफ्नो प्रोफाईल तयार गरी आफ्नो योजना तथा कार्यक्रम तर्जुमा गर्न उपयोग | | |

| | | | |
|---|---|---|---|
| | गर्नुपर्दछ । | | |
| १४. | **कर्मचारी कल्याण कोषः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ वमोजिम स्थानीय तहले स्थानीय सेवाका कर्मचारीले निजको सेवाशर्त तथा कानून वमोजिम अवकास हुँदा प्राप्त गर्ने योगदानमा आधारित उपदान, औषधिउपचार लगायतका सुविधा उपलब्ध गराउन अवकास कोषको स्थापना गर्नुपर्नेमा यस्तो कोषको स्थापना गरको पाइएन । कोषको अभावमा स्थानीय सेवाका कर्मचारी अवकास हुँदा उपदान लगायतका सुविधा उपलब्ध गराउन रकमको अभाव हुने भएकोले यस्तो कोषको स्थापना गरी प्रत्येक बर्ष आबश्यक रकम जम्मा गर्ने व्यबस्था मिलाउनु पर्दछ । | | |
| १५. | **तलवी प्रतिवेदनः** निजामती सेवा ऐन, २०४९ को दफा ७ बमोजिम स्थानीय तह अर्न्तगतका कर्मचारीहरुको बार्षिक तलबी प्रतिबेदन आन्तरीक लेखापरीक्षकबाट पारीत गराई तलब खर्च लेख्नुपर्नेमा गाँऊपालिकतर्फका स्थायी कर्मचारीको तलबी प्रतिबेदन पारित गरेको छैन । तलवि प्रतिबेदन पारित गरेर मात्र तलब खर्च लेख्नुपर्दछ । | | |
| १६. | **विद्युतीय लेखाः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा कारोवारको लेखा राख्नु पर्ने तथा महालेखा नियन्त्रकको कार्यलयले निशुल्क रुपमा उपलब्ध गराई सबै स्थानीय तहले Sub National Tresury Regulatory application (SUTRA)प्रयोग गरी लेखा राख्नुपर्ने व्यवस्था छ । कार्यालयले आंशिक रुपमा मात्र उक्त सफ्टवेयर प्रयोगमा ल्याएको छ । सफ्टवेयर पुर्णरुपमा प्रयोग नभएको कारण आम्दानी र खर्चको सही लेखांकन र प्रस्तुतीकरण सम्बन्धमा सुनिश्चित हुनसक्ने स्थिति देखिएन । तसर्थ अनिवार्य रुपमा उक्त सफ्टवेयर प्रयोगमा ल्याउनु पर्दछ । | | |
| १७. | **सार्वजनिक परीक्षणः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अर्न्तगत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । सार्वजनिक परीक्षणको अभावमा आर्थिक कारोबारमा जवफदेहिता र पारर्दशिताको प्रबर्द्धन गर्ने कार्यमा बाधा पर्ने देखिन्छ । | | |
| १८. | **कन्टिन्जेन्सी खर्चः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० (७) मा निर्माण कार्यको लागत अनुमान तयार गर्ने ढाँचा अनुसूची-१ को व्यवस्था रहेको छ । उक्त अनुसूचीमा निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ट स्टाफ खर्च २.५ प्रतिशत र सानातिना अन्य खर्च २.५ प्रतिशत गरी ५ प्रतिशत थप गर्ने व्यवस्था रहेको छ । गाँऊपालिकले यो बर्ष निर्माण कार्यको लागत अनुमानको ५ प्रतिशत कन्टिन्जेन्सी कट्टा गरी खर्च गर्ने गरेकोमा सोको बेग्लै अभिलेख नराखेको कारण कन्टिन्जेन्सीमा कति रकम प्राप्त भई कति खर्च भएको भन्ने सम्बन्धमा यकिन गर्न सकिएन । नियममा भएको व्यवस्थाबमोजिम कन्टिन्जेन्सी खर्चको व्यवस्था गरी यस्तो खर्चलाई व्यबस्थित गर्न कन्टिन्जेन्सी खर्चको कार्यबिधि बनाउने, यसबाट हुने खर्चको बार्षिक बजेट र कार्यक्रम स्वीकृत गर्ने एवं खर्चको बेग्लै स्रेस्ता राख्ने व्यबस्था मिलाउनु पर्दछ । | | |
| १९. | **पदाधिकारी सुविधाः** गाउँपालीकाको पदाधिकारीहरुको सुविधामा आर्थिक बर्षको पहिलो तिन महिनाको तलबमा रु. १२,७८,००० र चाडवाड खर्चमा रु. ४२६०००।०० गरी जम्मा रु. १७,०४,०००।०० खर्च भएको विवरण प्राप्त भएको छ । सर्वोच्च अदालतको फैसला अनुसार त्यस पछी पदाधिकारी सुविधामा खर्च भएको छैन । तर आर्थिक बर्ष २०७७।७८ मा एकमुष्ट भुक्तानी भएको कार्यालयले जनाएको छ । स्थानिय | | |

कार्यालयको नामः सिमकोट गाऊँपालिका, सिमकोट, हुम्ला ।

| | | | |
|---|---|---|---|
| | तहको पदाधिकारीले पाउने सुविधाको मापदण्ड तोकि व्यवस्थित बनाउनु पर्दछ । | | |
| २०. | **घर नक्शा पासः** पालिकाले आफ्नो क्षेत्र भित्र निर्माण हुने भवनको नक्शा पास गर्ने व्यवस्थाको सुरुवात गरको देखिएन । घर निर्माण कार्यलाई व्यवस्थित र सुरक्षित बनाउने भवन संहिता सहित नक्शा पासको व्यवस्था गर्नुपर्दछ । | | |
| २१. | **सेवा प्रवाहः** पालिकाले संविधानले स्थानीय तहलाई सुम्पिए बमोजिमका कार्य उपलब्ध स्रोत साधनको आधारमा सम्पादन गरी सेवा प्रवाह गर्दै आएको छ । पन्जिकरण र सामाजिक सुरक्षा, न्यायिक समिति र उजुरी फछ्यौंट, महिला तथा वालवालिका, खानेपानी तथा सरसफाई, वन तथा भूसंरक्षण, कृषि तथा पशु विकास, शिक्षा, युवा तथा खेलकुद एवं स्वास्थ्य सेवा सम्बन्धी विभिन्न क्रियाकलापको माध्यमबाट सेवा प्रवाह गर्दै आएको छ । सेवा प्रवाह सम्बन्धमा जानकारी दिन नागरिक वडा पत्रको समेत व्यवस्था गरेको देखिन्छ । पालिकाले बर्षभरीमा सम्पादन गरेको कार्यको बार्षिक प्रतिवेदन तयार नगरको, सेवाग्राही सन्तुष्टी सर्भेक्षण नगरको एवं सेवा प्रवाह सम्बन्धी गुनासो तथा उजुरी व्यवस्थापन सम्बन्धी कार्य नभएको, न्यायिक समितिले गरेका कार्यको व्यवस्थित अभिलेख नभएको, घरनक्शा पास र फोहरमैला व्यवस्थापन सम्बन्धी कार्यको सुरुवात नभएको, विभिन्न क्षेत्रगत कार्यक्रम सञ्चालन गरकोमो सोको भौतिक प्रगति देखिने गरी बार्षिक प्रगति विवरण तयार गर्ने नगरेको एवं सञ्चालित विकास निर्माण कार्यको प्रगति समीक्षा गर्ने नगरेको लगायतको कारण पालिकाले प्रदान गरेको सेवा प्रवाहको वास्तविक अवस्था मुल्यांकन गर्नसक्ने अवस्था रहेको देखिएन । उल्लिखित अवस्थामा सुधार गरी सेवा प्रवाहलाई थप व्यवस्थित बनाउनु पर्दछ । | | |
| २२. | **उपभोक्ता समिति दर्ता नभएको:** संस्था दर्ता ऐन, २०३४ दफा ३ अनुसार कुनै पनि संस्था बिधान सहित दर्ता नभएमा संस्थालाई कानूनी मान्यता दिन मिल्ने देखिदैन । कार्यालयले यसवर्ष संझौता गरेका कुनैपनि उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुनेगरी दर्ता नभई स्थानीय रुपमा आयोजनालाई बजेटपरेको आधारमा अस्थाई समिति गठन हुने र काम सम्पन्न पश्चात समिति विघटन हुने हुंदा निर्माण सम्पन्न योजनाहरु अलपत्र भएमा जिम्मेवार बनाउन कठिनाई हुने भएकोले स्थायी संयन्त्रमार्फत काम गर्ने गरी उपभोक्ता समितिको कार्यमा सुधार हुनुपर्दछ । | | |
| २३. | **उपभोक्ता समिति मार्फत कार्यः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट काम गराउने कार्यविधि उल्लेख छ । नियमावलीमा भएको व्यवस्थाको पालना सम्बन्धमा निम्नानुसार देखिएको छः | | |
| २३.१. | नियमावलीको नियम ९७(६) मा उपभोक्ता समितिले हरेक किस्ताको कामको प्राविधिक मूल्यांकन, बील, भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समितिको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने उल्लेख छ । उल्लिखित निर्माण कार्य गर्न सम्झौता भएका उपभोक्ता समितिको कामको प्राविधिक मूल्यांकनको आधारमा मात्र भुक्तानी दिने गरेको देखिन्छ । नियमावलीमा व्यबस्था भएबमोजिमको बील, भरपाई र खर्च प्रमाणित गर्ने कागजात समितिको बैठकबाट अनुमोदन गराई कार्यालयमा पेश गर्ने गरेको पाइएन । | | |
| २३.२. | नियमावलीको नियम ९७(१२) मा उपभोक्ता समिति मार्फत भएको निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्ने उल्लेख छ । कार्यालयले सम्पन्न आयोजनाहरु सम्बन्धित उपभोक्ता समितिलाई हस्तान्तरण गर्ने गरेको देखिएन । | | |



Scanned with CamScanner

कार्यालयको नामः सिमकोट गाऊँपालिका, सिमकोट, हुम्ला ।

| | | | |
|---|---|---|---|
| २३.३. | उपभोक्तासंगको खरिद सम्झौतामा सबै कामहरु इन्जिनियरिगं नर्म्स, प्राविधिक नक्सा, संलग्न प्राविधिक स्पेशिफिकेशन अनुसार गर्नुपर्ने व्यवस्था रहेकोमा कुनै पनि उपभोक्ता समितिको कार्यमा प्राविधिक नक्सा तयार गरेको पाईएन। साथै कतपिय उपभोक्ता समितिले काम भएको प्रमाणित गर्ने तस्विर समेत संलग्न रहेको छैन । उपभोक्ता समितिवाट भएको काममा पारदर्शिताको कमी देखिन्छ । | | |
| २३.४. | नियमावलीको नियम ९७(९) बमोजिम उपभोक्ता समितिबाट सञ्चालित निर्माण कार्यमा लोडर, एक्साभेटर, रोलर, डोजर, ग्रेडर जस्ता हेभि मेसिनहरु प्रयोग गर्न नसकिने उल्लेख भएकोमा उपभोक्ता समितिले गरेको सडक निर्माण कार्यमा हेभि मेसिनको प्रयोग भएको देखिन्छ । कानूनमा भएको व्यबस्था बमोजिम उपभोक्ता समितिबाट कार्य गराउनु पर्ने देखिन्छ । | | |
| २३.५. | उपभोक्ता समितिबाट गरेको कार्यमा कुनै त्रुटी आई सच्याउन परेमा वा बढी भुक्तानी भई असुल गर्नुपर्ने अवस्थामा कार्यालयले आवश्यक सुधार गर्न लगाउने कुनै आधार नभएको कारण त्रुटी सच्याउने अवधिसम्मको लागि भुक्तानी रकममा धरौटी कट्टा गर्ने व्यबस्था मिलाउन उपयुक्त हुने देखिन्छ । | | |
| २३.६. | सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिबाट काम गराउदा सम्पन्न निर्माण कार्यको सञ्चालन उपभोक्ता समितिले गर्नु पर्ने, खर्चको सूचना सार्वजनिक गर्नु पर्ने, निर्माण कार्यमा डोजर लगायतका मेशीन प्रयोग गर्न नहुने व्यवस्था छ ।उपभोक्ता समितिबाट तोकिएको जनसहभागिता नजुटाउने साथै कार्यालयबाट गर्ने भुक्तानीमा आनुपातिक कट्टी नगर्ने जटिल प्राविधिक पक्ष समावेश भएका आयोजना उपभोक्ता समितिबाट सञ्चालन गर्ने, योजना हस्तान्तरण नहुने तथा खर्च सार्वजनिक नगर्ने जस्ता कानूनले तोकेका कार्य गरेको देखिएन । | | |
| २३.७. | **डोर हाजिरः** तोकीएको फारम प्रयोग गर्दा फारममा उल्लेखित विवरणहरु पूर्ण रुपमा भर्नुपर्दछ । उपभोक्ता समितिलेडोर हाजिरमा उल्लेखित विवरणहरु पूर्ण रुपमा भर्ने गरेको पाइएन । फारममा हाजिर राख्नेको नाम लगायतको विवरण समेत खुलाउने गरेको छैन । फारमको भाग-३ मा रहेको जिन्सी सामान प्रयोग विवरण लगायत काम गरेका नापीको यथार्थ विवरण भरेको देखिएन । नर्म्स अनुसार जिन्सी सामान खपत र ज्याला खर्च भएको हो होइन ऐकिन हुनसक्ने अवस्था नदेखिंदा निर्माण कार्य भए नभएको समेत यकिन हुन सक्ने आधार नदेखिएकोले फारममा उल्लेखित सम्पूर्ण विवरणहरु तयार गरी खर्चको यथार्थता हुनेगरी डोर हाजिर फारम तयार हुने व्यवस्था गर्नेतर्फ प्राविधिक तथा उपभोक्ताको ध्यान जान जरुरी देखिएको छ । | | |
| २४. | **निर्माण कार्यको लगतः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ उपनियम (११) मा निर्माण कार्य सम्पन्न गरिसकेपछि सार्वजनिक निकायलाई प्राप्त भएको भौतिक संरचनाहरुको विवरण खुलाई अभिलेख राख्नुपर्ने व्यवस्था भएकोमा गाँउपालिकाले यस वर्ष संचालन गरेको सिंचाइ एवं खानेपानी योजना निर्माण कार्यको लगत अद्यावधिक गरेको देखिएन । गाँउपालिकाले गतविगत वर्षदेखि संचालन भएको कार्यक्रमबाट निर्माण गरेको भौतिक संरचनाहरु समेतको लगत राख्ने व्यबस्था गरी निर्माण कार्यको लगत व्यवस्थापन गर्नुपर्ने देखियो । | | |
| २५. | **बढी निकासाः** शिक्षा नियमावली, २०५९ को नियम १७९ मा कुनै कामको लागि आवश्यकभन्दा बढी रकम माग गर्ने र निकासा दिने पदाधिकारीलाई कानून बमोजिम कारबाही गरी बढी निकासा वा खर्च भएको रकम असुल उपर गरिने उल्लेख छ । यस सम्बन्धमा निम्नानुसार देखिएको छः | | |

कार्यालयको नामः सिमकोट गाउँपालिका, सिमकोट, हुम्ला ।

| | | |
|---|---|---|
| २५.१. | कर्णाली नमुना मा.वी.का शिक्षक श्री आनन्द बा. सिंहको श्रावण महिनाको तलब कर्णाली मा.वी.बाट र सरुवा भए पछि कैलाश मा.वी.बाट समेत श्रावण देखी कार्तिक महिना सम्मको तलब निकासा भएकोले बढी निकासा गरेको रकम असुल गर्नुपर्ने रु. | २८२००.०० |
| २५.२. | बाल मन्दीर मा.वि.का शिक्षक रत्न कुमारी चन्द मिति २०७६।६।७ गते निवृत भएकोमा निजको तलब प्रथम चौमासीकमा पुरा निकासा भएकोले ५३ दिनको मासिक ४७,७८०।०० (तलब, भत्ता, स्थानीय भत्ता समेत) को दरले बढि निकासा गरेको रकम असुल गर्नुपर्ने रु... | ८४४११.०० |
| २६. | **सामाजिक सुरक्षा दोहोरो भुक्तानी**:सामाजिक सुरक्षा सञ्चालन कार्यविधि, २०७२ को दफा १८(ग) बमोजिम केन्द्रिकृत सुचना प्रणालीमा प्रविष्टी गरी अद्यावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्बन्धित स्थानीय निकायको हुने व्यवस्था भएपनि एउटै चौमासिकमा एकै व्यक्तिको नाममा दोहोरो निकासा हुने गरेको देखिन्छ । नमुना परीक्षण गर्दा देहायका एकै व्यक्तिहरुको नाममा सामाजिक सुरक्षा भत्ता दोहोरो भुक्तानी भएको देखियो । बढी भुक्तानी हुन गएको निम्नानुसारको रकम (वडा अनुसारको विस्तृत विवरण अनुसूची १ मा छ) असुल गर्नुपर्ने रु. | १०७३४६०.०० |

| वडा नं. | दोहोरो भुक्तानी भएको रकम | लेखापरीक्षण क्रममा असुली रकम | असुल गर्नुपर्ने रकम |
|---|---|---|---|
| १ | ३४०००.०० | ३४०००.०० | ०.०० |
| २ | ६५६००.०० | ६५६००.०० | ०.०० |
| ३ | ३५२००.०० | ३५२००.०० | ०.०० |
| ४ | ३७२००.०० | ३७२००.०० | ०.०० |
| ५ | १६००.०० | १६००.०० | ०.०० |
| ६ | १६३४००.०० | १६३४००.०० | ०.०० |
| ७ | ४२५२००.०० | ३२४७०.०० | ४९२७३०.०० |
| ८ | ७९०८००.०० | २१००७०.०० | ५८०७३०.०० |
| जम्मा | १६५३०००.०० | ५७९५४०.०० | १०७३४६०.०० |

| | | |
|---|---|---|
| २६.१. | **दोहोरो सुविधा** : सामाजिक सुरक्षा ऐन, २०७५ को दफा १५ को खण्ड ग मा अन्य कुनै प्रकारले नियमित रुपले पारिश्रमिक, निवृत्तिभरण, अवकाश सुविधा एवं अन्य सुविधा पाईरहेका व्यक्तिले सामाजिक सुरक्षा भत्ता नपाउने व्यवस्था छ । कार्यालयबाट सामाजिक सुरक्षा भत्ता बुझेका निम्नानुसार व्यक्तिहरुले नियमित रुपले निवृत्तिभरण समेत प्राप्त गरिरहेको बुझनमा आएको छ । यसरी एउटै व्यक्तिले दोहोरो सुविधा लिंदा सामाजिक सुरक्षा कार्यक्रमको मर्म विपरित हुन जान्छ भने राज्यलाई बढी व्ययभार पर्दछ । दोहोरो सुविधा लिएको रकम सम्बन्धितबाट असूल गरी संघिय संचित कोषमा दाखिला गर्नुपर्ने रु | २६४०००.०० |

| सि.नं. | लाभग्राहीको नाम | वडा नं. | वार्षिक सामाजिक सुरक्षा रकम | कैफियत |
|---|---|---|---|---|
| १. | गोर्ख रोकाया | ६ | २४०००.०० | तिन किस्ता |



Scanned with CamScanner

| | | | | |
|---|---|---|---|---|
| | | | २४०००.०० | तिन किस्ता |
| २. | धर्मजित रोकाया | ६ | २४०००.०० | तिन किस्ता |
| ३. | भिपाले रोकाया | ६ | २४०००.०० | तिन किस्ता |
| ४. | धर्म रोकाया | ६ | २४०००.०० | तिन किस्ता |
| ५. | लालहिरा रोकाया | ६ | २४०००.०० | तिन किस्ता |
| ६. | नन्दी रोकाया | ६ | २४०००.०० | तिन किस्ता |
| ७. | नन्दकलि रोकाया | ६ | २४०००.०० | तिन किस्ता |
| ८. | रायसिंह रावत | ६ | २४०००.०० | तिन किस्ता |
| ९. | कर्णजित रावत | ६ | २४०००.०० | तिन किस्ता |
| १०. | सर्वण रोकाया | ६ | २४०००.०० | तिन किस्ता |
| ११. | हजारी रोकाया | ६ | २४०००.०० | तिन किस्ता |
| जम्मा | | | २६४०००.०० | |

२६.२. **एम.आई.एस अध्यावधिक सम्बन्धमा** :सामाजिक सुरक्षा कार्याक्रम सञ्चालन कार्यविधि, २०७५ को १३ नाम दर्ता र नवीकरणबाट आगामी आर्थिक वर्षका लागि कायमहुन आएको आभग्राहीको विवरण प्रत्येक स्थानीय तहले फागुन मसान्तभित्र विभागले सञ्चालनमा ल्याएको व्यवस्थापन सूचना प्रणाली (एम.आई.एसं) मा अनिवार्य रुपमा प्रविष्टि गर्नुपर्नेछ । यसरी प्रविष्टि गर्ने कार्य सामान्यतः सम्बन्धित वडा कार्यालयको हुनेछ । तर वडा कार्यालयमा साधन स्रोत तथा जनशक्तिको कमी भएमा स्थानीय तहले उपयुक्त र आवश्यक व्यवस्था गर्नेछ । कार्यालयले सामाजिक सुरक्षा भत्ता वितरण गर्दा एकल महिला, जेष्ठ नागरीक लाभ ग्राहीहरुको ना.प्र.न. र बालबालिकाहरुको बुवा आमाको नाम उल्ले नभएकोलाई सामाजिक सुरक्षा भत्ता वितरण गरेको पाइयो । कार्यालयले व्यवस्थापन सूचना प्रणाली (एम.आई.एसं) प्रविष्टि गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नु पर्छ ।

२६.३. **सामाजिक सुरक्षा भत्ता वितरण सम्बन्धमा** : सामाजिक सुरक्षा कार्याक्रम सञ्चालन कार्यविधि, २०७५ को १६(घ) बैकिङ प्रणाली मार्फत सामाजिक सुरक्षा भत्ता वितरणमा नगइसकेको स्थानीय तहको हकमा सम्बन्धित वडा समितिको रोहवरमा भत्ता रकम वितरण गर्नुपर्नेछ । गाउँपालिकाले सामाजिक सुरक्षा भत्ता वितरण गर्दा वडा समितिको रोहवरमा भत्ता रकम वितरण गरेको पाइएन । बैकिङ प्रणाली नगसकेका वडा कार्यालयले सामाजिक सुरक्षा भत्ता वितरण गर्दा वडा समितिको रोहवरमा सामाजिक सुरक्षा गर्नु पर्दछ ।

२६.४. **लगत कट्टा गर्ने सम्बन्धमा** : सामाजिक सुरक्षा कार्यक्रम चालन कार्यविधि, २०७५ को १२ मा मृत्यु भएमा, बसाई सरी गएमा, एकल वा विधवा महिलाले विवाह गरेमा, बालबालिकाको हकमा पाच उमेर पूरा भएमा, नवीकरण नगरेमा, एक आर्थिक वर्षको कुनै पनि किस्ता रकम नबुझेमा वा बैङ्क मार्फत वितरण भएकामा लागातार उक्त वर्षसम्म खाता निष्क्रिय भएमा, अयोग्य व्यक्तिले भत्ता प्राप्त गरेको प्रमाणित भएको अवस्थामा लाभग्राहीको नाम सम्बन्धित स्थानीय तहले मूल अभिलेख कट्टा गरिनेछ । कार्यालयले सामाजिक सुरक्षा भत्ता वितरण गर्दा कार्यविधिमा भएको व्यवस्था वमोजिम लगत कट्टा गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नु पर्छ ।



Scanned with CamScanner

२७. **जिन्सी व्यबस्थापनः** आर्थिक कार्यबिधि नियमावली, २०६४ को नियम ५० मा जिन्सी निरीक्षण गरी प्राप्त भएका जिन्सी सामानहरु आम्दानी बाधिए नबाधिएको, प्रयोगको अवस्था गतवर्षको उयपोग र यस वर्षको परिमाण समेत मूल्याङ्कन गरी प्रतिबेदन तयार गर्नुपर्ने र प्रतिवेदनमा उल्लेखित व्यहोरा कार्यान्वयन गर्नुपर्ने व्यबस्था छ । खरिद भएको खप्ने सामानहरु दाखिला गर्दा फारमले निर्दिष्ट गरेका मूल्य, स्पेशिफिकेशन, प्राप्तिका स्रोत लगायत विवरण उल्लेख गरी दाखिला व्यवस्थित गरेको छैन । सामान खरिद गर्नुपर्दा स्पेशिफिकेशन तयार गर्ने नगरेको देखिएकोले जिन्सी व्यवस्थापन कमजोर देखिएको छ । गाँऊपालिका कार्यालय स्थापनाको शुरुवात चरणमा रहेकोले शुरु देखि नै जिन्सी व्यवस्थित गर्नेतर्फ ध्यान पुऱ्याई नियमावलीको पालनामा ध्यान दिनुपर्दछ ।

२८. **विरुवा वितरणः** कार्यालयबाट भएको खर्चको प्रभाव विश्लेषण गर्नुपर्दछ । कार्यालयले निम्नानुसार खर्च गरी विरुवा तथा कुखुरा वितरण गरेको छ । तर खर्चमा लाभग्राहीको सहभागीता जुटाएको छैन । यस प्रकारको कार्यक्रमबाट अनावश्यक रुपमा बढी माग आउने, लाभग्राहीले अपनत्व नलिने र गरिएको लगानीबाट यथोचित उपलब्धी हाँसील नहुने समस्या सिर्जना हुन्छ । लाभग्राहीको अपनत्व सिर्जना गराउन तथा कार्यक्रमको उपलब्धी बढाउन यस्ता कार्याक्रममा लाभग्राहीको लागत सहभागीता गर्ने नीति लिनुपर्दछ ।

| विवरण | संख्या | खर्च रकम |
|---|---|---|
| स्याउको विरुवा | १२००० | १२०००००.०० |
| ओखरको विरुवा | ३००० | ३०००००.०० |
| किविको विरुवा | ११० | १०००००.०० |
| च्याउको विउ तथा अन्य सामाग्री | १८० | ११००००.०० |
| अन्य कृषि सामाग्री | | १५००००.०० |
| जम्मा | | १८६००००.०० |

२९. **सफ्वेयर खरिदः** नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यवस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यबस्था रहेको छ ।

२९.१. गाँऊपालिकले दर्ता, चलानी, जेष्ठ नागरिक, अपांगता परिचयपत्र जारी गर्ने, घ वर्गको इजाजत पत्र जारी गर्ने र जिन्सी व्यवस्थापनको लागी सफ्टवेयर खरिद गरी देहायवमोजिम रु.७,८९,८७०।०० खर्च गरेकोमा खरिद भएका सफ्टवेयरको सुरक्षण, गोपनियता, गुणस्तर तथा आधिकारीकता सम्वन्धमासूचना तथा प्रविधि विभागबाट स्वीकृत लिएको देखिएन । साथै यसरी खरिद भएको सफ्टवायर हाल प्रयोगमा नभएको कार्यालयको भनाई रहेको छ। ठुलो रकम खर्च गरी खरिद भएको सफ्टवेयर प्रयोग नहुनुको कारण स्पष्ट हुनुपर्ने रु... ७८९८७०.००

| गोभौनं./मिति | विवरण | सफ्टवेयर | भुक्तानी रकम |
|---|---|---|---|
| २७-०७६/८/१९ | सफ्टेक फाउण्डेशन, काठमाण्डौबाट खरिद | दर्ता, चलानी, जेष्ठ नागरिक, अपांगता परिचयपत्र जारी गर्ने, घ वर्गको इजाजत पत्र जारी गर्ने | ४५०८७०.०० |



Scanned with CamScanner

| | | |
|---|---|---|
| २८-०७६/८/१९ | सफ्टेक फाउण्डेशन, काठमाण्डौबाट खरिद | जिन्सी व्यवस्थापन सफ्टवेयर | ३३९०००.०० |
| | | जम्मा | ७८९८७०.०० |

